# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ सख्याः १ मितिः २०७९/४/१६

भागः २
फाल्गुनन्द गाउँपलिका
१ नं. प्रदेश, नेपाल


**स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९**

# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः** फाल्गुनन्द गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यमान शिक्षक अभाव परिपुर्ति गर्ने, पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्यउने उद्देश्यले नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारले कार्य गर्न वाञ्छनीय भएकोले फाल्गुनन्द गाउँपालिका पाँचथरले यो कर्यविधि बनाई जारी गरेको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस कार्यविधिको नाम "स्वयं सेवक शिक्षक व्यवस्थापन कार्यविधि , २०७९" रहेको छ ।
(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "स्वयं सेवक शिक्षक" भन्नाले यो कार्यविधि बमोजिम नियुक्ति हुने स्वयं सेवक शिक्षक सम्झनु पर्छ ।

(ख) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "सामाजिक विकास समिति" भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको सामाजिक विकास समिति सम्झनु पर्छ ।

(ज) "प्राथमिक तह" भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म सम्झनु पर्छ ।

(झ) "निम्न माध्यमक तह" भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्मा सम्झनु पर्छ ।

ञ) "माध्यमक तह" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्मा सम्झनु पर्छ ।

ट) "विषय विज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ र फाल्गुनन्द गाउँपालिकाबाट सूचिकृत भएका शिक्षकलाई सम्झनु पर्छ ।

ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

ड) "छनौट समिति" भन्नाले दफा-९ बमोजिम गठन हुने स्वयंसेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

ढ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

ण) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको फाल्गुनन्द गाउँपालिका सम्झनु पर्छ ।

त) "गाउँसभा" भन्नले संघीय कानुन बमोजिम गठन भएको फाल्गुनन्द गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

थ) "व्यवस्थापन समिति" भन्नाले संघिय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

३. <u>**उद्देश्य तथा क्षेत्र**</u> :

(१) स्वयंसेवक शिक्षक व्यवस्थपनको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई कम गर्न ।

(ख) सामुदायिक विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गर्न ।

(ग) सामुदायिक विद्यालयको समग्र शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउन ।

(घ) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन ।

## परिच्छेद-२

## स्वयंसेवक शिक्षक व्यवस्थापन तथा परिचालन समिति सम्बन्धी व्यवस्था

४. **<u>स्वयंसेवक शिक्षक व्यवस्थापन तथा परिचालन समिति</u>**ः (१) स्वयंसेवक शिक्षक व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्न गाउँपालिका स्तरमा एक स्वयंसेवक शिक्षक व्यवस्थापन तथा परिचालन समिति रहनेछः

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष, गाउँपालिका - संयोजक

(ख) उपाध्यक्ष, गाउँपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजक,सामाजिक विकास समिति - सदस्य

(ङ) फोकल पर्सन, शिक्षा शाखा - सदस्य-सचिव

(३) समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्नेछ ।

तर आवश्यकता परेमा सो भन्दा बढी पटक बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**५. <u>समितिको काम, कर्तव्य र अधिकार</u>** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी योजना निर्माण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ख) स्वयंसेवक शिक्षकको कोटा निर्धारण तथा वितरणको खाका तयार पारी कार्यपालिकामा पेश गर्ने,

(ग) गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको वास्तविक अवस्था पहिचान गरी स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्ने ।

## परिच्छेद -३
## स्वयंसेवक शिक्षकको कोटा निर्धारण तथा नियुक्ति सम्बन्धी व्यवस्थाः

६. **<u>स्वयंसेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्नेः</u>**

१) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले वाल विकास, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको स्वयंसेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्नेछ ।

२) स्वयंसेवक शिक्षकको कोटा वितरण देहाय बमोजिमका मापदण्डको आधारमा गरिनेछः

क) संख्या बढी भएको तर कक्षागत शिक्षक दरबन्दी नभएको विद्यालयलाई प्राथमिकता दिने,

ख) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने,

ग) आधारभुत शुन्य दरबन्दी भएको विद्यालयलाई पहिलो प्राथमिकता दिने ,

घ) आधारभुत तह (६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई कोटा वितरण गर्ने ,

७. **<u>स्वयंसेवक शिक्षक हुन चाहिने योग्यता र तालिम</u>**ः यस कार्यविधिको दफा ६ बमोजिम सिर्जना भएको कोटामा नियुक्त हुने स्वयंसेवक शिक्षकको देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(१) **प्राथमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतिर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्र संकायबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा २०० पुर्णाङ्कको शिक्षा विषय लिई उतिर्ण गरेको,

ग) नेपाली नागरीकता प्राप्त गरेको,

(२) **निम्न माध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा उक्त विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषयहरु लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको,

घ) नेपाली नागरीकता प्राप्त गरेको,

**(३) माध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा उक्त विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा र स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मुल विषय लिई स्नातक तह वा सो सरह उतीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह उतीर्ण गरेको,

ङ) नेपाली नागरीकता प्राप्त गरेको,

(४) वालविकास केन्द्रको सहयोगी कार्यकर्ताको नियुक्ति प्रचलित नियमानुसार हुनेछ । तर वाल विकास शिक्षक तथा अन्य सबै तहमा नियुक्त हुने स्वयंसेवक शिक्षकको उम्मेदवार बन्नका लागि शिक्षक अध्यापन अनुमति पत्र अनिवार्य हुने छैन ।

**८. <u>उम्मेदवारको लागि अयोग्यता:</u>** देहाय बमोजिमका व्यक्तिहरु स्वयंसेवक शिक्षक पदमा उम्मेदवार हुनको लागि अयोग्य मानिनेछः

क) गैर नेपानी नागरीक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पुरा भएको,

घ) मगज विग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षा सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च) तालिम नलिएको,

**९. <u>स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रिया</u>** : (१) स्वयंसेवक शिक्षक छनौट गर्दा लिखित तथा मौखिक परिक्षा सञ्चालन गरिने छ ।

(२) लिखित तथा मौखिक परिक्षाको पाठ्यक्रम संघिय सरकार शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्वयंसेवक शिक्षक व्यवस्थापन तथा परिचालन समितिको निर्णय अनुसार स्वयंसेवक शिक्षक कोटा प्राप्त विद्यालयले स्वयंसेवक शिक्षक नियमानुसार नियुक्ति गर्न लागिका देहाय बमोजिमको एक स्वयंसेवक शिक्षक छनौट समिति रहनेछः

| | |
|---|---|
| क) सम्बन्धित विद्यालयको विव्यसको अध्यक्ष | -संयोजक |
| ख) गाउँपालिकाको शिक्षा शाखा प्रमुख | - सदस्य |
| ग) सम्बन्धित विषयको विषय विज्ञ २ जना | -सदस्य |
| घ) सम्बन्धित विद्यालयको प्र. अ. | -सदस्य सचिव |

(४) स्वयंसेवक शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) स्वयंसेवक शिक्षक छनौट सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) दफा ९ को उपदफा (३) (ग) बमोजिम छनौट हुने विषय विज्ञ शिक्षा विकास तथा समन्य इकाइ पाँचथर र फाल्गुनन्द गाउँपालिकाले प्रकाशन गरेको विज्ञ सूचीमा सूचीकृत भएको हुनु पर्नेछ ।

**१०. सरुवा नहुने**ः- स्वयंसेवक शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्ने छैन ।

**११. स्वयंसेवक शिक्षकको काम ,कर्तव्य र अधिकार** :- स्वयंसेवक शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१) स्वयंसेवक शिक्षकले विद्यालयले तोके बमोजिम हप्तामा कम्तीमा २४ पिरियड अध्यापन गर्नु पर्नेछ ।

२) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको परीक्षा तथा निरन्तर विद्यार्थी मुल्याङकन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयममा विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धिमा प्रयत्नरत रहनु पर्नेछ ।

३) विद्यालयले तोकेको अन्य कार्यहरु गर्नु पर्नेछ ।

**१२. अवकाश सम्वन्धी व्यवस्था** : (१) मातृभाषा शिक्षकलाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यपकले अवकाश दिन सक्नेछः-

(क) स्वच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष पन्ध्र दिन अगावै लिखित निवेदन दिएमा ,

(ख) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई कामकाज गर्न असमर्थ भएमा ,

(ग) खराब आचरण प्रदर्शन गरेमा,

(घ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(ङ) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,

(२) उपदाफा (१) बमोजिम अवकाश प्राप्त स्वयंसेवक शिक्षकको वारेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयले गाउँपालिकामा एक हप्ता भित्रमा जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-४
## स्वयंसेवक शिक्षकको सेवा, सर्त र सुविधा

**१३. <u>स्वयंसेवक शिक्षकको सेवा र सर्त</u>** : (१) स्वयंसेवक शिक्षकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ । आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले म्याद थप गर्ने सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषय नियमित रुपमा शिक्षण गर्नु पर्नेछ ।

(३) स्वयंसेवक शिक्षक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा जवाफदेही हुनु पर्नेछ ।

**१४. <u>स्वयंसेवक शिक्षकलाई दिइने सुविधा</u>** : (१) स्वयंसेवक शिक्षकलाई मासिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता देहाय बमोजिम हुनेछः

| क्र.स. | पद | तह | मासिक प्रोत्साहन भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंसेवक शिक्षक | प्राथमिक | १३,०००।- | तेह्र हजार |
| २ | स्वयंसेवक शिक्षक | निम्न माध्यमिक | १५,०००।- | पन्ध्र हजार |
| ३ | स्वयंसेवक शिक्षक | माध्यमिक | १८,०००।- | अठार हजार |

(३) उपदफा (२) बमोजिमको प्रोत्साहन भत्ता बाहेक स्वयंसेवक शिक्षकले अन्य सुविधा पाउने छैन ।

**१५. <u>विदा सम्वन्धी व्यवस्था</u>** : (१) स्वयंसेवक शिक्षकले देहाय बमोजिमको विदा पाउनेछः-

(क) वर्ष भरीमा पर्व विदा ६ दिन र भैपरी आउने विदा ६ दिन ,

(ख) विरमी विदा वर्ष भरिमा १२ दिन ,

(ग) किरिया विदा पन्ध्र दिन,

(घ) प्रसुति विदा सुत्केरी अघि र पछि गरी ९८ दिन,

(२) उपदाफा (१) बमोजिमको विदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद-५
## विविध

**१६. <u>स्वयंसेवक शिक्षकले पालना गर्नु पर्ने आचार संहिता</u>**: स्वयंसेवक शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आएको र गएको समय जनाई हाजिर गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने ,

(ख) इमान्दार , शिष्ट, नम्र , पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ,

(ग) सम्बन्धित निकायको नियम र कानुन विपरितको कार्य नगर्ने,

(घ) कुनै भाषा , धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(ङ) नेपाल सरकार तथा स्थानीय सरकारको विद्यामान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै पनि कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,
छ) विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धिमा चिन्तनशील हुने तथा विद्यालयको उन्नतिमा सदैव लाग्ने,

**१७. स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिनेः** संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँसभाले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्नेछ ।

**१८. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत